कीर्तिपुरको चित्रण

का. जि. प्र. का दर्ता नं. २११ –२०६८/०६९

कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ३ अंक १२२ ने. सं. ११३४ थिंलाथ्व नवमी बुधवाः २०७० मंसिर २६ गते बुधवार (Dec-11, 2013) मूल्य रु.५/-

एनेकपा माओवादी को जन–भेटघाट कार्यक्रम

कीर्तिपुरवासीको दुःखमा साथ दिन आएकोः *प्रचण्ड*

कीर्तिपुर सन्देश

"यसपालिको चुनावी नतिजा हाम्रो विपक्षमा गयो भनेर निराश हुनुपर्दैन । १० वर्षे जनयुद्ध लडेर आएको गौर वशाली पार्टीको लागि यो हार कुनै ठूलो कुरा होइन । यस हारबाट पाठ सिकेर भविष्यमा सुधार गर्न सकिन्छ । एनेकपा माओवादी एउटा सानो लडाईमा हारिएको हो । कुनै ठूलो युद्ध हारेको होइन । यो अन्तिम युद्ध होइन ।" एनेकपा माओवादीका अध्यक्ष प्रचण्डले भन्नुभयो, "यो हारमा देशी विदेशी प्रतिकृयावादी को ठूलो हात रहेको छ । यसको छानविन गर्न हामीले उच्चस्तरीय निष्पक्ष आयोग गर्न मांग गरेका छौं । देशैभरिबाट हाम्रा मतदाताहरुले हामीले खसालेको भोट कहाँ गयो भनेर खोजविन गरिरहेका छन ।" "हामी चुनावमा हारे पनि हामीले हाम्रो मुद्दा छाडेको छैन । १२ बुँदे शान्ति सम्झौता र पहिचान सहितको संघीयता विपरीत जाने छैनौं ।" प्रचण्डले भन्नुभयो, "चुनावको बेला मैले कबुल गरे बमोजिम हरेक महिना म कीर्तिपुर मा आएर यहाँका जनताको दुःख सुखमा साथ दिने कबुल गरे बमोजिम अहिले आएको छु ।"

गत मंसिर २३ गते आइतवार, कीर्तिपुरको वडा नं. ५ स्थित कुटुम्भोलमा एनेकपा माओवादीले जन-भेटघाट कार्यक्रमको आयोजना गरि एको सभाका प्रमुख अतिथी प्रचण्डले आफ्नो धारणा राख्नु भएको थियो ।

एकीकृत माओवादीको काठमाडौं क्षेत्र नं. १०का अष्ट मानन्धरको सभापतित्वमा भएको उक्त कार्यक्रम सुनिता शाक्यले संचालन गर्नु भएको थियो । स्वागत मन्तव्य सिद्धि कुमार मानन्धरले दिनु भएको थियो । कार्यक्रममा पुर्व राज्यमन्त्री दिलिप



महर्जनले यस पटकको हार भनेको अप्रत्यासितको नतिजा भएको बताउनु भयो । घरदैलोको क्रममा हजारौं हजार सहभागी भएको, सयौं जनता एमाओवादीमा प्रवेश गरेको भएतापनि जुन ढंगको नतिजा ल्याएको छ यो बास्तवमा जनताको मत अनुसार नभएको दावी गर्नु भयो । जनताको मत अपहरण गरेको समेत महर्जनले आरोप लगाउनु भएको थियो । गत मंसिर १९ गते पनि एकीकृत माओवादीको कार्यक्रम नगाउँमा भएको थियो ।

अब राजनीतिमा तीन मोर्चा

कीर्तिपुर सन्देश/

मुलुकमा अब तीन वटा स्पष्ट रुपमा मोर्चा बनेको छ । तीन वटा मोर्चा वीच नै नेपालको राजनीतिमा बहस हुने र आ- आफ्नो धारणा राख्दै अगाडी बढ्ने अवस्था आएको छ ।

संविधानसभावाट नै सम्पूर्ण समस्या समाधान गर्ने पक्षमा नेपाली कांग्रेस, एमाले, नेमकिपा, नेकपा माले, राष्ट्रिय जनमोर्चा, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल, राष्ट्रिय प्रजातन्त्र पार्टी लगायत रहेका छन् । अर्को मोर्चा भनेको एकीकृत माओवादी, संघीय समाजवादी पार्टी नेपाल, मधेसी जनअधिकार फोरम लगायत १८ राजनीतिक दल रहेको अवस्था छ ।


यो मोर्चाले पहिचान सहितको संघीयता पक्षधरको मोर्चाको रुपमा चित्रण गर्दै आएको छ । यस मोर्चाले संविधानसभामा सहभागी नभएका दलहरुसंग पनि सहमति गर्नुपर्ने, चुनावमा भएको धाँधलीको छानविन गर्नुपर्ने कुरा राख्दै आएको अवस्था छ । तेस्रो मोर्चा भनेको संविधानसभाको चुनाव बहिस्कार गर्ने बैद्यको नेतृत्वमा रहेको नेकपा–माओवादी सहित ३३ दलीय मोर्चा । यस मोर्चाले संविधानसभा बाहिर नै बसेर सहमति गर्नुपर्ने र सरकार गठन गर्नुपर्ने माग गर्दै आएको छ ।

यहाँ सुगर,पाइल्स, युरिक-एसिड, पिनास, तथा अल्सर निको पार्ने विशुद्ध जडिवुटी पाइन्छ । सम्पर्कः– फिट्नेस प्वाइन्ट ट्रेडिङ्ग, फोन ४३३६७०१,९८०३५०२२५९

मोविल्याण्ड एक्सचेञ्ज योजना

पुरानो जुनसुकै ब्राण्डका चल्ने टि.भी. र फ्रिज ल्याउनुहोस्





नयाँ 32" LED टि.भी. र १८० लीटरको फ्रिज निःशुल्क लैजानुहोस् ।





(यो योजना दर्शन बचत तथा ऋण सहकारी संस्था का शेयरधनीहरुलाई मात्रै लागु हुनेछ ।)
बिस्तृत जानकारीको लागि कार्यालयमा सम्पर्क गर्नुहोला । साथै सर्तहरु लागु हुनेछन् ।
यो योजना स्टक रहुन्जेल सम्मलाई मात्र लागु हुनेछ ।
(सम्पूर्ण ईलेक्ट्रोनिक तथा मोबाईल होलसेल दरमा पाईने एक मात्र स्थान)

मोविल्याण्ड ईलेक्ट्रोनिक प्रा.लि

नयाँ बजार, कीर्तिपुर । (नेपाल टेलिकमसंगैको घर)
फोन नं. ४३३२०५७, ४३३५२३५ मोबाईल नं. ९८५११३९४००, ९८४१७३०४५६

Preparation & Language Classes

IELTS, TOELT, SAT &
English, Korean, Japanese, Hebrew

Special Classes :

Public Speaking Course Development, Grammar Focus, Academic Writing, Mock Test, Listening Practice (Audio &Video)

Language &IELTS Class

Level Test: Students are given a Level Test before the Class begins and are encouraged to take tests at the end of each week of study, In fact, tests are an itegral part of the course.

- **Materials :** All students are given a copy of the Natural Course Book an Self study Book an CDs Listening Practice.
- **Outline :** The courses provide guidance and practice in all aspects of English learning (speaking, Listening, Reading, Writing plus Grammar and Vocabulary)
 Class time is mostly devoted to speaking and communication practice and reading, writing, listening tasks are set as homework.
 The course focuses on the creative techniques required to succeed at IELTS and TOEFL, SAT.
- **Self Study:** Students are given a self study booklet, course books, magazine, stories and related to IELTS at the beginning of their course and this lists the tests which are available.

After course complete, there is Bonus Classes or Revision Classes with exam

Valley Institute

TIME: Mornig, Day& Evening
Ph: 4332509/9849421216
Email:computervalley10@yahoo.com

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक
नजरराम महर्जन
(९८४१४०१०७७)
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह
व्यवस्थापन

भरत महर्जन, सनम श्रेष्ठ
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ

प्रेसः **शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं**
कार्यालयः **निखासी टोलः कीर्तिपुर नपा-३**
फोन नं.: ४३३३००७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com
काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

सम्पादकीय

आवश्यकता राजनीतिक सहमति

मुलुकमा भरखरै सम्पन्न भएको दोस्रो संविधानसभाको निर्वाचन पछि पनि राजनीतिक अन्यौलता यथावत रहेको अवस्था छ । राजनीतिक दलहरुवीच झन झन धुविकरण हुँदै गएको अवस्था छ ।

अहिलेको अवस्थामा संविधानसभावाट निकास निकाल्ने पक्षधर र संविधानसभा बाहिर नै बसेर सहमति गर्नुपर्ने धारणा राख्ने पक्षविच नै नेपालको राजनीतिक तकराव हुँदै जाने अवस्था देखिएको छ । विशेष गरि संविधानसभाको चुनाववाट पहिलो र दोस्रो हुन सफल नेपाली कांग्रेस र एमाले संविधानसभावाटै मूलुकको सबै समस्या समाधान हुने दावी गर्दै आएको छ ।

उता संविधानसभाको चुनावलाई नै बहिस्कार गरेको बैद्य माओवादी लगायत ३३ दलीय मोर्चा र संविधानसभामा भाग लिई चुनावमा धाँधली भएको आरोप लगाउँदै आएका एकीकृत माओवादी लगायत १८ दल पनि पहिला संविधानसभा वाहिर बसेर सहमतिको आधारमा संविधान निर्माण गर्ने र धाँधलीको विषयमा छानविन गर्ने सहमति पहिला गर्नुपर्ने अडान राख्दै आएको अवस्था छ ।

यो अवस्थामा ती राजनीतिक मोर्चा र दलहरुवीच सहमति नभइकन संविधान निर्माण कार्यलाई अगाडी बढाउन सक्ने अवस्था छैन । संविधानसभाको बैठक राष्ट्रपतिले बोलाउने कि प्रधानमन्त्रीले बोलाउने ? राष्ट्रपतिको सवालमा चुनाव गर्ने कि नगर्ने भन्ने विषयमा स्वयं कांग्रेस र एमाले वीच तिव्र विवाद यथावत छ । संविधान निर्माणको सवालमा हिजो विवाद भएका विषयहरु पनि यथावत नै रहेको अवस्थामा संविधान निर्माण गर्न सबै भन्दा पहिला राजनीतिक सहमति नै आवश्यक रहेको छ भन्न सकिने अवस्था छ । अतः राजनीतिक दलहरुले सहमतिका लागि अधिकतम लचकता अपनाउनुपर्ने अवस्था छ ।

चुनावय् स्वनिगःया लेखाजोखा

– सानुराजा शाक्य

संविधानसभाया निक्वःगु चुनाव धुंकाः छथ्वसिनं एकल जातीय पहिचान बुत धकाः लाय् लाय् बुयेगु क्रम थत्थें दिइगु अवस्था मवनि, जब तक पहिचानया लिधंसाय् पक्षधरतसें सतकं आन्दोलनया राप व ताप बिइफइमखु । जनतां पहिचानया मुद्दायात बुकूगु अवस्था मखु । खँ थुलि खः कि पहिचानया पक्षधरया प्रमुख शक्तिया रुपय् एकीकृत माओवादी खः । वंगु चुनावया इलय् एकीकृत माओवादीयात बुकेत नेपाली कांग्रेस व एमालें याःगु अघोषित तालमेलया कारण व एकीकृत माओवादीया थःगु हे लोकप्रियताय् वयाच्वंगु ह्रासया कारणं नेपाली कांग्रेस व एमालेयात जूगु फाइदा जक चुनावय् खनेदुगु खः । पहिचानया पक्षय् एकीकृत माओवादी बाहेक वैकल्पिक शक्तिया रुपय् मेगु छगू नं वयेफुगु खःसा एकीकृत माओवादीया कमजोरीया फाइदा कांग्रेस एमाले काये मफइगु खः । पहिचानया पक्षय् वैकल्पिक शक्तिया रुपय् विकास यायेगु तातुना गठन जूगु सङ्घीय समाजवादी पार्टीयात नं अपेक्षित कथं मत मवःगु कारण मध्ये न्हूगु पार्टी जूगु कारणं पार्टीया चिं जनतायाथाय् तक थ्यंकेत हे थाकुल, पार्टीया प्रचार जनताय् तक थ्यंकेत माःगु ज्याभः संगठन खः, क्वय्या संगठनत निर्माणया क्रमय् दनीगु व थ्व पार्टीया विरुद्ध विपक्षी दल विशेष यानाः एमालेया भ्रामक प्रचार, उम्मेदवारत न्हूपिं, प्राविधिक रुपं पार्टीया चुनाव चिं मतपत्रय् मालेत थाकूगु अवस्था, आर्थिक अभाव व थःगु भोट त्याइगु पार्टीयात बिल धाःसा जक सदुपयोग जुइगु धइगु मानसिकतायात चीके मफुगु व शंकास्पद धाँधली आदि विविध कारणं व विशेष यानाः न्ह्याथे यानासां एमाओवादीयात बुकेगु प्रायोजित अन्डरकरेन्टया प्रभाव आदि कारणत खः ।

थ्व चुनावय् पहिचान विरोधी कांग्रेस एमाले व जुजुवादी राप्रपा नेपालया दथुइ अघोषित तालमेलयात इलय् थुइका पहिचान पक्षधर दथुइ नं तालमेल यायेमफुगु तःधंगु कमजोरी खः । थुकिया दकलय् वाधक एमाओवादी दुने खनेदुगु ओभर कन्फिडेन्स व मेपिन्त ल्याखय् मतयेगु तःधंगु कमजोरीया लिच्व दकलय् अप्वः एमाओवादीं हे फयेमाल । न्हापांगु संविधानसभाया चुनावय् एमालें क्यंगु घमण्ड व अहंकार थुगुसी एमाओवादीइ ब्वलन ।

मिश्रित निर्वाचन प्रणालीया कारणं संसदय् सुं छगू पार्टीया दुई तिहाइ वइगु संभावनाला दइ हे मखु अझ स्पष्ट बहुमत तकं वइमखु धकाःला फुकसिनं सिउ । थ्व चुनावय् नं सुं छगू दलया पक्षय् बहुमतया सरकार दयेकेत तकं गाक्क सीट त्याके फुगु अवस्था मखु । उकिं कांग्रेस एमालें त्यात धकाः घमण्ड मयाःसां जिउ । अझ अनुकूलताया वावजूद नं कांग्रेसं प्रत्यक्षय् तकं बहुमत हये मफुगु अवस्था खः । मेखे एमालेया जित धइगु वंगु चुनावय् म्हो जक सीट वःगुलिं जक त्याःगु थें जक च्वंगु खः तर पुलांगु एमालेया हे अवस्थाय् पुनरागमन जूगु अवस्था मखु । गथे एमालेया नायः झलनाथ खनाल छगू क्षेत्रं जक त्याःगु मेगु तराईया सर्लाहीं बूगु अवस्था दु । उकथं हे स्वनिगलय् स्वयेगु खःसा एमालें स्वनिगलय् पहिचान पक्षधर तय्गु कारणं यानाः हे स्वंगू सीट जक त्याके फूगु खः । अझ धायेगु खःसा पहिचानया पक्षय् दुगु जनमत थःगु पाखे छुं हद तक सालेत सफल जूगु सङ्घीय समाजवादी पार्टी व नेपाः पार्टीया कारणं यलया स्वंगूलिं क्षेत्र, यँया ४,५,६, ८ व ९ क्षेत्रय् एमाले बूगु खः । थुकिया फाइदा प्राविधिक रुपं कांग्रेसयात लाः वंगु जक खः न कि पहिचानया मुद्दा हे मयःया कांग्रेस एमालेयात ल्यःगु मखु । कांग्रेस व एमालेया ६ लाख भोट राप्रपा नेपालय् वंगुयात नं ध्यान बिइबलय् स्वनिगलय् कांग्रेस एमाले मयःपिं यक्व दुगु उमिसं पहिचानया पक्षधर दलत पहिचान याये मफुगु स्थिति दुगुलिं थःगु असन्तोष राप्रपा नेपाल मार्फत जक प्रस्फुटन याःगु खः । थुकियात पुष्टि यायेगु आधार धइगु एमाओवादी व उम्मेदवारया पक्षय् थ्व इलय् जनताया असन्तोष दुगुलिं प्रत्यक्षय् एमाओवादीया उम्मेदवारयात स्वयां कांग्रेस व एमालेया उम्मेदवार ल्यःगु धइगु एनी हाउ माओवादी हराउया प्रभावं माओवादीयात बुकीम्ह उम्मेदवार धइगु राप्रपा नेपाल, सङ्घीय समाजवादीया उम्मेदवार स्वयां कांग्रेस एमालेया हे उम्मेदवार जुइफइगु आंकलन यानाः प्रत्यक्षय् कांग्रेस एमालेया उम्मेदवारयात मत बिउगु खः । थ्व हे जुया प्रत्यक्षय् मत वः थें एमाले कांग्रेसं स्वनिगलय् समानुपातिकय् मत हये मफुगु खः ।

थ्व चुनावय् छगू ट्रेन थुज्वगु नं खनेदतकि एमाओवादीयात बुकेगु लहरया कारणं मेमेगु न्हूगु दलतसें तकं थःगु संभावित मतपाखें वन्चित जुइमाल । सङ्घीय समाजवादी व नेपाः पार्टीयात वःगु मत धइगु एकदम प्यर प्रतिवद्ध मत खः । थ्व मत लिपांगु चुनावय् नं हतपतिं पाइमखु । तर थ्व स्वयां नं अप्वः मत वइगु प्रक्षेपण पार्यछि मजूगु धइगु स्वीङ्ग मतदातात खः । गुपिसं न्हापा सङ्घीय समाजवादी पार्टीयात हे मत बिइगु बिचाः यानाच्वंगु खः तर अन्तिम अवस्थाय् थ्यंबलय् सङ्घीय समाजवादीया उम्मेदवार मत्याइथें च्वंबलय् थःगु क्षेत्रय् त्याइगु संभावित उम्मेदवारत मत बिउगु अवस्थाया कारणं जक कांग्रेस एमालेया मत अप्वःगु खः । हानं थ्व चुनावय् खनेदयेक धाँधलीया शंका नं धमाधम पुष्टि जुजुं वःगु अवस्था दु । दकलय् न्हापांला निर्वाचन आयोगं चुनाव सिधयेवं याःगु पत्रकार सम्मेलनय् आधिकारीक रुपं चुनावय् ७० प्रतिशतति मत कुतुंवन धकाः घोषणा याःगु खः तर अन्तिम नतिजा तक वःबलय् व प्रतिशत ८० प्रतिशत तक थ्यंगु धाँधलीया संकेतया रुपय् कायेछिं । थुकिया बावजूद नं पहिचानया पक्षधरत संविधानसभाय् खाली हे जुइगु अवस्था धाःसा मखु । संविधानसभाय् अंकया लिधंसाय् संविधान जारी यायेत कांग्रेस एमालें कुत याइ । तर थ्व हे लिधंसाय् पहिचान विरोधी संविधान जारी जुइगु अवस्थाय् नेपाःया राजनीतिक संकट समाधानया लँपुइ मखु ल्वापुया अवस्थाय् थ्यंकेत मलजल जू वनीगु अवस्था पिदनी ।

भाषिक/धार्मिक अधिकार

भाषिक/धार्मिक अधिकार
एकीकृत नेपाल कम्यूनिष्ट पार्टी (माओवादी)

राज्य मुक्कं धर्म निरिपेक्ष जुइ । सुयात नं धर्मया लिधँसाय् पनपक्ष याइमखु । फुक्क धर्मया स्वतन्त्रताया पूर्ण प्रत्याभूति जुइ । फुक्क धर्मयात समान व्यवहार जुइ । नेपाः बहुभाषिक देय् जुगुलिं थनया फुक्क भाय्यात राष्ट्रिय भाय् कथं धस्वाकेगु ज्या जुइ ।

नेपाली कांग्रेस पार्टी

नेपाः धार्मिक एकता दुगु बहुजातीय, बहुसाँस्कृतिक, बहुधार्मिक व बहुभाषिक देय् खः । राज्य गुगु नं धर्मया पक्ष व विपक्षय् वनीमखु । र
ाज्ययापाखें फुक्क धर्म व संस्कृतिया सम्मान व व संर क्षणया ज्या याइ ।

....समाजय् धार्मिक स्वतन्त्रतायात प्रत्याभूति व धार्मिक सहिष्णुताया वातावरण ब्वलंकेगु राज्यया कर्तव्य जुइ ।

नेपालय् न्ववाइगु फुक्क मांभाय् नेपाःया राष्ट्रभाय् जुइ । देवनागरी लिपि
च्वयातःगु नेपाली भाय् सङ्घीय सरकारया सरकार
ीकाम काजया भाय् जुइ ।

संघीय सरकारया सरकारी कामकाजया भाय्या नापनापं प्रदेश सभायापाखें क्वछ्यू कथं प्रदेशदुने न्ववाइगु मांभाय्यात प्रादेशिक सरकारया सरकारी कामकाजया भाय् दयेकी ।

न्यायालय व सरकारी ज्याकुथिइ सकल नागरिकपाखें मांभासं थःगु खँ तयेगु अधिकार दइ ।

नेपाल कम्यूनिष्ट पार्टी (एमाले)

अन्तरिम संविधानयापाखें नाले धुंकूगु व न्हापाया संविधानसभापाखें आत्मसातयाःगु धर्मनिरि पेक्षता, धार्मिक स्वतन्त्रता व धार्मिक सहिष्णुताया विषययात निरन्तरता बीगु जुइ । जवरजस्ती धर्म परि वर्तनयात कानूनी अपराध कथं न्त्ययथनेगु जुइ । नेपालय् न्ववाइगु फुक्क मांभायात र ाष्ट्रु भाय्या सम्मान बीगु जुइ । नेपाली भाषायात सरकारी कामकाजया भाय् कथं छचली । भाय्या संरक्षण व विकासयायेत संवैधानिक भाषा आयोग दयेकेगु जुइ ।

सङघीय समाजवादी पार्टी, नेपाल

राज्य धर्मनिरपेक्ष जुइ । धार्मिक अल्पसङख्यकतय् हक, हित व अधिकार रक्षा यायेगु जुइ । साँस्कृतिक ल्याखं दुगु विविधताया किचः राज्यय् दइ । राज्ययापाखें मूमू राष्ट्रिय नखः चखःबले जक सार्वजनिक विदा बीगु व्यवस्था यासें नखःचखःया विदायात छगू बिस्कं व्यवस्था याइ ।

फुक्क समुदाययापिन्त थःथःगु नखःचखः बले विदा काये दइगु व्यवस्था जुइ ।

राज्यया फुक्क तहया सरकार या ज्याखँय् बहुभाषिक नीति नाली । सम्वन्धित तहया व्यवस्थापिकापाखें क्वःछिनाः सङघीय सरकारं छचलीगु भाय् संङीय संविधानय् व प्रादेशिक सरकारं छचलीगु भाय् प्रादेशिक कानूनय् धलःदयेका दुथ्याकी ।

देय्या सकल नागरिकतय्सं देय्दुनेया गुगुं निगू भाय् व अन्तरराष्ट्रि क्षेत्रय् प्रतिस्पर्धात्मक क्षमता थकायेकेगु निंतिं मेगु छगू नापं यानाः सामान्यतया स्वंगू भाय् सयेकेमाःगु व्यवस्था जुइ । नेपालय् न्ववाइगु फुक्क भाय् मांभाय् राष्ट्रभाय् जुइ । मांभासं शिक्षाया ग्यारेण्टी जुइ ।

नेपाः राष्ट्रिय पार्टी

नेपाः पार्टी नेवाः लगायत फुक्क जातिया भाषा, धर्म व संस्कृतियात समान कथं संरक्षण व सम्वर्द्धन यायेगु नीति नाली ।

जातीय रुपय् धस्वाकातःगु फुक्क प्रदेशय् उगु हे प्रदेशय् च्वंपिं जातिया भाषाया शिक्षा व सरकारी ज्याकुथिइ, अदालतय् सम्पर्क भाषाया कथं छचली । *(दलतय्गु घोषणा पत्रया आधारय्)*

नागार्जुन पब्लिकेशनद्वारा ५ वटा पुस्तक विमोचन

कीर्तिपुर सन्देश/

गत मंसिर २२ गते शनिवार नागार्जुन पब्लिकेशन प्रा.लि. द्वारा प्रकाशित नेपालभाषाको ५ वटा पुस्तकको एक कार्यक्रम गरी विमोतन गरियो ।

लक्ष्मण राजवंशीको सभापतित्व र प्राज्ञ रीना तुलाधरको प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा साहित्यकार लक्ष्मण र ाजवंशीको निवन्ध “वहे मुलु वहे सुका”, गोविन्द मान श्रेष्ठको कथा संग्रह “आस्थाया सिपाईंत”, लोचन तारा तुलाधरको कथा संग्रह “वं लिफः स्वइतिनी”, कथाकार सुजिता माजुको कथा संग्रह “नेवाः साहेव”, र राजा शाक्यको कथा संग्रह “वा वल फय वल” लेखकहरूद्वारा नै विमोचन गरिएको थियो ।

कथाकार मीना बज्राचार्यले संचालक गर्नु भएको उक्त कार्यक्रममा नागार्जुन पब्लिकेशनका पुष्पा



श्रेष्ठले स्वागत मन्तव्य दिनु भएको थियो । आफ्नो पुस्तकमा प्रकाशित कथाहरुमध्ये एक एक वटा कथा लेखकहरुले वाचन गर्नु भएको थियो ।

त्यही अवसरमा नेपाः र ाष्ट्रिय पार्टीका तर्फबाट समानुपातिकबाट संविधान सभा सदस्यको लागि सिफारि समा पर्नु भएका लक्ष्मण र ाजवंशीलाई नेपाः राष्ट्रिय पार्टीका उपाध्यक्ष नरेश विर शाक्यले खादा ओढाई सम्मान तथा बढाई दिइएको थियो ।

नागार्जुन पब्लिकेशनले गत वर्षदेखि तीन वर्षसम्म नेपाल भाषाको प्रत्येक वर्ष ५ वटा पुस्तक प्रकाशित गरी दिने वचन दिनु भएको थियो । सोही वचन अनुसार दोश्रो वर्ष यसपाली ती ५ वटा पुस्तक प्रकाशन गरिएको थियो । त्यस पब्लिकेशनको यो कदम साह्रै सराहनिय रहेको र सो पब्लिकेशनका डाइरेक्टर डा. सर्वोतम श्रेष्ठले मातृभाषाको उत्थानमा ठूलो टेवा पुऱ्याएको भनि नरेश विर शाक्यले प्रशंसा गर्नु भयो । कार्यक्रममा वाचन गरिएका कथाहरुको समिक्षा प्राज्ञ रीना तुलाधारले गर्नु भएको थियो ।

नेपाल सुहाउँदो नेपाली भई



राम महर्जन,
नगाउँ, कीर्तिपुर–१६

मात्र मुर्दावाद होइन यहाँ
जिन्दावाद पनि भन्न सिकौं
मात्र विरोधको भाषा होइन
सहमतिको कुरा गर्ने गरौं ॥

चुनाव जितेका नेताहरुले
नयाँ नेपालको कल्पना गरी
देश सुहाउँदो संविधान बनाई
आफ्नो कर्तव्य पुरा गरी देखाउ ॥
सही नेताहरुको मनले भन्ला
आफू मरे पनि मरी जावस
देश अम्मर भई वाची रहोस
नेपाली जनताले खुःख नपावस ॥

सर्वश्रेष्ठ प्राणी मानव हामी
असल खराब छुत्याउने क्षमता
हाम्रा चेतनाले दिएकै छ
तै पनि बारंबार गल्ति किन ?

नेपाली समाज विश्वमा राम्रो
आपसमा भाइचाराको सम्बन्ध राखी
जिउन जानेका हामी मिली
नेपाल सुहाउँदो नेपाली भई

जनता जनार्दनको शक्तिले
पटक पटक उथल पुथल ल्याएकै हो
यही कुरालाई नविर्सीकन
धैर्यता नगुमाई बस्नु उत्तम

धन्यवाद

६५ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको उपलक्ष्यमा नेपाल मानव अधिकार संगठन, कीर्तिपुर शाखाद्वारा आयोजित रक्तदान कार्यक्रममा रक्तदान गर्नुभई सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरु र आर्थिक सहयोग गर्नुहुने महानुभावहरुलाई पनि धेरै धेरै धन्यवाद ।

आर्थिक सहयोग गनुहुनेहरु :-

१) कोर्नेल नेपाल स्टडी प्रोग्रामका निर्देशक भानु ओझा रु ४०००/
२) अध्यक्ष, नानिशोभा महर्जन, ने.मा.अ.सं कीर्तिपुर शाखा रु १५००/
३) संस्थापक, बाबुराम महर्जन, ने.मा.अ.सं कीर्तिपुर शाखा रु १०००/
४) पूर्व अध्यक्ष, नन्दकुमारी महर्जन, ने.माअसं कीर्तिपुर शाखा रु १०००/
५) कीर्तिपुर बहुउद्देश्ययी सहकारी संस्था लि., कीर्तिपुर रु १०००/
६) केन्द्रीय अध्यक्ष, सुदीप पाठक, ने.मा.अ.सं रु १००५/
७) सहीद स्मारक कलेज, कीर्तिपुर रु ५००/
८) हिराबहादुर मानन्धर, नयाँबजार रु ५००/
९) पानवती मानन्धर, नयाँबजार रु ५२०/
१०) श्रीराम महर्जन, नयाँबजार रु ५००/
११) मिना महर्जन, नयाँबजार रु ५००/
१२) केशव अधिकारी, भत्केपाटी रु ५००/

रक्तदाताको ब्लड ग्रुप परिचयपत्र प्रगति पुस्तक भण्डार नयाँबजारवाट पुष ५ गते पछि प्राप्त हुने जानकारी गराउदछौं ।

नेपाल मानव अधिकार संगठन
कीर्तिपुर शाखा, कीर्तिपुर
सम्पर्क फोनः ९८०३५३९१६५

भर्ना खुल्यो ! भर्ना खुल्यो ! !

कीर्तिपुरकै सबैभन्दा पुरानो र बढी विद्यार्थी संख्या भएको, लामो अध्यापन अनुभव र विभिन्न क्षेत्रमा विशिष्टता हासिल गरेका त्रि.वि.का अध्यापकहरुद्वारा अध्यापन गराइने, व्यवहारिक, सर्वसुलभ तथा गुणस्तरीय शिक्षाको एक मात्र केन्द्र

शहीद स्मारक कलेज, कीर्तिपुर

विहानी सत्र (Morning Shift) मा स्नातक तह प्रथम वर्षका देहायका कार्यक्रमहरुमा नयाँ भर्ना सुरु भएको सगर्व घोषणा गर्दछ :

- त्रिविको चार वर्षे BBS (दशौं व्याच)
- त्रिवि कै तीन वर्ष BA (सातौं ब्याच)
- विशेष आकर्षण : यसै वर्षदेखि BA मा BSW (BA in Social Work) को पठन पाठन विशिष्ट व्यवस्थापनका साथ शुभारम्भ

विस्तृत जानकारीका लागि :
शहीद स्मारक कलेज, कीर्तिपुर
फोन नं. १० ४३३३९३७/४३३०२७९

विश्वकप फुटवल २०१४ को ड्र सँगै फुटवलको माहोल तातियो



नवीन महर्जन

आगामी वर्ष ब्राजिलमा हुने फुटवलको महाकुम्भ विश्वकप फुटवलको २० औं संसकरणको फाइनल 'ड्र' सार्वजनिक गत शुक्रवार सम्पन्न गरेको छ ।

विश्वकपका लागि छनौट भएका ३२ राष्ट्रको टिमलाई उक्त 'ड्र' अनुसार निम्न अनुसार समूहमा परेका थिए ।

समूह 'ए'– ब्राजिल, क्रोएसिया, मेक्सियो र क्यामरुन

समूह 'बी'– स्पेन, नेदर ल्याण्डस, चिली र अष्ट्रेलिया

समूह 'सी'– कोलम्बिया, ग्रिस, आइभरिकोस्ट र जापान

समूह 'डी' – ऊरुग्वे, कोस्टारिका, ईंग्ल्याण्ड र इटाली

समूह 'ई'– स्वीटजर ल्याण्ड, इक्वेडर, फ्रान्स र होन्डुरस,

समूह 'एफ'–अर्जेन्टिना, वोस्निया हर्जगोविना, इरान र नाइजेरिया,

समूह 'जी'– जर्मनी, पोर्चुगल,

समूह 'एच'– वेल्जियम, अल्जेरिया, रुस र दक्षिण कोरिया,

यस समूह विभाजन अन्तर्गत समूह 'बि' मा गत २०१० मा दक्षिण अफ्रिकामा सम्पन्न खेलको विजेता स्पेन र उपविजेता नेदरल्याण्ड पर का छन । यस 'ड्र' अनुसार चारपल्टको विश्वकप विजेता इटाली, दुईपल्टको च्याम्पियन उरुग्वे, त्यसैगरी सन १९६६ मा विजेता हुने ईंग्ल्याण्ड र कोस्टारिका समावेश समूह 'डी' लाई सबैभन्दा कठिन मानिएको टिमको रुपमा लिएको छ । उक्त 'ड्र' कार्यक्रम गत विहिवार निधन भएका दक्षिण अफ्रिकाका पूर्व राष्ट्रपति नेल्सन मण्डेलालाई पनि श्रद्धाञ्जली व्यक्त गरेको थियो । उहाँ अन्तिम पटक सन २०१० को विश्वकप फुटवलमा सार्वजनिक भएका थिए । खेलकूदलाई निकै नजिकबाट बुझ्ने एउटा महान व्यक्तित्वको रुपमा उहाँ हुनुहुन्थ्यो ।

विश्वकप फुटवल सम्पूर्ण खेलप्रेमीहरुको प्रतिक्षामा रहने खेल दोश्रो 'ड्र' संगै विश्वभरि फुटवल आकर्षणमा तिव्रता छाएको छ । अझ यो वर्ष विश्वकपको फुटवलको ट्रफी विश्व भ्रमणको सिलसिलामा नेपालमा समेत ल्याउने भएकोले फुटवल प्रेमीहरुमा अझ आकर्षण बढेको छ । पुसको दोस्रो हप्तातिर नेपाल ल्याउने भएकोले यसको प्रतिक्षामा सम्पूर्ण खेलप्रेमी बसेका छन् ।

गत शुक्रवार भएको 'ड्र' पश्चात आगामी सन् २०१४ को १२ जुनदेखि १३ जुलाईसम्म हुने विश्वकपको समूह 'जी' को चर्चा हुने कुरा शुरु भएको छ । निकै शसक्त टोलीहरु अमेरिका, पोर्चुगल, घाना र जर्मनी रहेको यस समूहमा लिग चरणको खेल निकै रोमान्चक हुने अटकल काटिसकेको छ ।

त्यसैगरी पाँच पटक च्याम्पियन भैसकेको आयोजक ब्राजिलको पहिलो खेल १२ जुनमा युरोपियन राष्ट्र कोएसिया विरुद्ध हुने छ ।

भिन्तुना



जिमि पासा राजभाइ जकःमिया काय् भाजु **निराज महर्जनया मय्जु शर्मिला महर्जन** नाप थ्वहे कछलागा एकादशी, ११३४ खुन्हु इहिपा जूगुलिं वय्कःपिनिगु त्यपू जीवन सुथांलायेमा धकाः भिन्तुना देछाना च्वना ।

नजरराम महर्जन निखासी, न्हूबजाः किपू-३

कूलवहादुर महर्जन धोकासी, पाँगा किपू-९

तपाईको कविता लेख प्रकाशित गर्नका लागि सम्पर्क गर्नुहोला कीर्तिपुर सन्देश साप्ताहिक

कार्यालयः **निखासी टोलः कीर्तिपुर नपा-३ फोन नं.: ४३३३००७, ९८४१४०१०७७**

kirtipur_sandesh@live.com http:kirtipursandesh.blogspot.com

Admission Open

in

4 Years BBS

3 Years B.Ed.

Teaching by Experienced and Qualified Teachers

Along With wide range of Scholarships

For Further Information

MM CAMPUS 2001

Mangal Multiple Campus

Kirtipur-3, Kathmandu

4330544, 4335560, 9841356599

चिबाखं

सम्झौता

–सौरभ शाक्य

निम्ह मनू लँया दुवातय् वं वयात वं वयात मदिक्क म्हुतु ल्हाना ल्वानाच्वन । ल्वानाच्वंगु खँ स्वये इपिं बिस्कं बिस्कं पार्टीया कार्यकर्तात जुइमाः ।

"छं थथे मभिं, बांमलाःगु ज्या याये ज्यूला ? छ ला गुण्डा खः, छ बलात्कारी, छ जनविरोधी, देशद्रोही खः ।'

मेम्ह नं व स्वयाः तसकं हाल(" छ ला झन मुलूकमारा खः, छ विदेशी दलाल, छ भ्रस्ताचारी खः, छं ला देशय् न्हिनय् हे मत च्याके मायेका ब्युगु दु ।' थुकथं वं वयात वं वयात लाक्वपाक्व व्वः बिया धाये जिक्व धया ल्वानाच्वंगु, इपिं निम्हसिया पासां खनाः न्वात("धत् मूर्खत थथे ल्वाना देश गथे चले जुइ, जि सुयागु पं लिइगु । जितःला छिपिँ निम्हं पासा माः । छिपिं ला देशया निम्तिँ मखुसां जिगु नितिँ सां मिलय् जुइमाः ।"

(गथे मिलय् जुइ वं जितः यःयःथें धासेलिँ ।"

(अरे छं लाक्वपाक्व धायेज्य जिं धाये मज्यूला ? मेम्हसिनं धाल ।

पासाम्हसिनं धाल निम्हसितं, "का म्वाल, छं नं छुं धायेमते ! व नं धाइमखु ।"

खःला ?

खः का खः

पासाम्हसिनं निम्हसितं ककू स्वाकाबिल, माने गलेमिलेयाना बिल ।

हानं इमि खँल्हाःबल्हाः जुल ।

"भी मल्वायेवं जनतां पत्याः याइला भीत ?"

"खःनिसा, मेम्हसिनं धाल ।

पासाम्हसिनं निम्हसिया छुयं ज्वनाः ल्वाकल मि पिहाँ वयेक ।

छुयं ल्वाःगु सलं चाकछिँ इपिँ ल्वाःगु स्वयाच्वंपिसं गुम्हसिनं हासाः थातसा गुम्हसिनं टिनचा थात, गुम्हसिनं ल्हापाःथाना हाल(धरर धरर ...।

न्हय्गां जात्रा

– रामभक्त महर्जन रमझम

न्हय्गां झीगु नेवाः गां
लिक्क लिक्क मेगु यक्व हे गां
व हे गांया न्हय्गां जात्रा
छ्वय्ला भू मूयाः सिन्हःयाः
थिंला थ्व बखुमदः अष्टमीं नगामय्
धाल्चा खाकाः बालकुमारी पुज्याइ
नवःमिं पांगा द्यः फल्चाय्
विष्णुदेवी बालकुमारी पुज्याइ
दशमीं सूथय् बःखु पीगनय्
निगः भेलू व इन्द्रायणी पुज्याइ
तापाख्यः, ब्वसिगां, सतुंगः, ल्हवंखाय्
द्यःखः यंका जात्रा याइ
दशमीं हे सुथय् किपू पीगनय्
भेलु क्वंचायेका इन्द्रायणी पुज्याइ
द्यःध्वाखा लाय्कूलिइ तःजिक पुज्याइ
लःस्वां, ताय्स्वां लालपाते स्वां तइ
झःझः धायेक द्यःखः क्वबिया
बाजं थाना देय् चाःहिइकी
थुगु कथं क्वचाइ न्हय्गां जात्रा
लसतां भ्वय् नइ झ्वः छुना ।

दम्भ नहुनु

–पञ्च नारायण महर्जन

चुनाव जित्ने मात्तिएर होईन
चुनाव हार्ने आत्तिएर होईन
जनतालाई दिएको वाचा पूरा गर
सबै मिली नयाँ संविधान बनाउ
जनमतको कदर गर
आइन्दा संविधान बदर नगर
अन्यथा जनताले बाँकी राख्ने छैन
पुनः घर, आँगन टेक्न दिने छैन ।
एकले अर्कोलाई सम्मान गर
एक आपसमा झगडा नगर
शोषक, जुका उपियां नहोस
जनताले देखाइ देला बाउको बिहे ॥
चुनाव जित्नेहरुलाई बधाई छ
चुनाव हार्नेलाई हृदय देखि सान्त्वना छ
फेरि ०४७ को संविधान ब्यँताएर
देशभक्त नेपालीहरुले मान्य छैन

न्हय्गां जात्रा धइगु छु खः ?

श्रीकृष्ण महर्जन

येँया दक्षिण पश्चिम लागाया ऐतिहासिक नापं सांस्कृतिक रुपं तसकं महत्वपूर्णगु नेवाःतय्गु वस्तीइ जुइगु छगू महत्वपूर्णगु जात्रा खः न्हय्गां जात्रा ।

दँय् दसं कछलागा अस्तमी बखुमदः अस्तमीयात केन्द्रीत याना जुइगु थुगु जात्राया केन्द्र धइगु किपुलिं पश्चिचपाखे लाःगु बःखु लागा खः । अनया विष्णुदेवी द्यःयात मूल द्यः कथं नालातःगु लागाय् किपू, पांगा, नगां, सतुंगः, ल्हंवखा, तापाख्यः, ब्वसिगांया द्यःखः जात्रायात हे न्हय्गां जात्रा धाइगु खः ।

न्हय्गां जात्राया भ्वलय् दक्ले न्हापांगु दिं कछलागा नवःमि खुन्हु किपूया न्हय्गां जात्राया भ्वलय् किपूया नगामय् नं जात्रा याइगु चलन दु । उगु नेवाः वस्ती नं द्यःखः जात्रा याइगु खः ।

बछलागा अष्टमी खुन्हु उगु कथं जात्रा याइगु खः । अले बहनी धाःसा पीगनय् विशेष प्रकारया पूजा आजा याइगु चलन दु । उगु जात्रायात धाल्चा खाकेगु जात्रा तकं धाइ । नगांया मूल जात्रा धइगु हे थुगु जात्रा खः ।

पांगा लागाय् विष्णुदेवी व बालकुमारी द्यःया जात्रा याइगु चलन दु । धिमे, बासुरी नापं थीथी कथंया नेवाः बाजं थाना नापं पुया याइगु थुगु कथंया द्यःखः जात्रा स्थानीय प्रमुख जात्रा खः ।

जात्राया भ्वलय् नेवाः वस्ती पांगाय् द्यःखः जात्रा याना यंके न्हयः द्यःचपाः धइगु थासय् विषेश प्रकारया पूजा वनीगु नं चलन दु । अनं लिपा नेवाः वस्ती पांगया थाय् थासय् चाःहिइकीगु चलन दु । तसकं न्याइपुसे च्वंक निखः हे द्यःखः क्वबिया जात्रा याइगु खः । पांगाया स्थानीय नेवाःतय्सं सप्तमियात मूयाः अले षष्टमीयात छ्वलय्ला भू माने याइगु चलन दु । विष्णुदेवी व वालकुमारी द्यःयात प्रमुख द्यः कथं नाला अथे जात्रा याइगु खः । जात्राया भ्वलय् थःथिति पाहां ब्वनीगु नं चलन दु । जात्राया भ्वलय् दक्ले लिपा पांगाया लाछिइ थ्यंका क्वचायेकी ।

न्हय्गां जात्राया हे भ्वलय् बछलागा दशमी खुन्हु किपुलिं पश्चिमपाखे लाःगु बःखुइ सतुंगःया द्यःखः, ब्वसिगांया द्यःखः, तापाख्यःया द्यःखः हइगु चलन दु । अले उगु लागांनिसें थःथःपिनिगु वस्तीइ तक जात्रा याना यंकीगु चलन दु ।

सांस्कृतिक बाजं थाना अथे जात्रा याना यंकीगु खः । बछलागा दशमी खुन्हु हे येँय् नं दक्षिणपाखेया नेवाः वस्ती किपुलिइ नं द्यःखः जात्रा याइगु चलन दु ।

थुगु जात्रा किपूया पीगं लागांनिसें सुरु जुइगु खः । जात्राया भ्वलय् द्यःखतय् अष्टमातृका, सिंधिनि, व्याधिनि, गणेश व भैरव याना गंछि द्यःया मूति तया जात्रा याइगु खः । अथे गछि द्यः दुगु जूसां नं इन्द्रायणीयात प्रमुख द्यः मानेयानातःगुलिं थुगु जात्रायात इन्द्रायणी द्यःया जात्रा धायेगु याना वयाच्वंगु दु ।

अथे तःखःगु द्यःखतय् गंछि द्यः दुसां चीखःगु द्यःखतय् धाःसा गणेद्यःया छगू जक मूर्ति तया जात्रा याइगु चलन दु । तःखःगु द्यःखः संभवत स्वनिगःया नेवाः वस्तीइ याइगु द्यःखः जात्रा मध्य दक्ले तःखःगु नापं दक्ले अप्वः मनूतय्सं कुबिइ माःगु जात्रा धाःसां छुं पाइमखु । जात्राया भ्वलय् किपूया लाय्कू लागाय् न्हयाइपुसे च्वंक विषेश कथंया पूजा वइगु चलन दु । उगु पूजायात हे द्वारे पूजा धाइगु खः । द्यःखः जात्रा थाय् थासय् चाःहिइका किपूया बाघभैरव लागाय् थ्यंका क्वचायेकी । अथे जात्राया भ्वलय् हृवंकिला वनेमाःगु चलन नं दु ।

अथे नेकुं म्यय् स्यायेगु, मन्दः म्यय् स्यायेगु तकं चलन दु । किपुलिइ अस्तमीयात छवयला भूमाने याइसा । नवःमियात मूयाः अले दशमियात सिन्हःयाः धकाः जात्रा न्यायेकीगु चलन दु । जात्राया भ्वलय् किपुलिइ सायमितय्सं दलू द्यःया नं जात्रा याइगु चलन दु । अथे हे पीगनय् लाखे पाः च्वना जक किपुलिइ दशमी खुन्हु जात्रा सुरु जुइगु खः ।

लाखेपाः च्वनीम्ह मनूतयात तकं जात्रा याना यंकेमाःगु चलन दु । जात्राया भ्वलय् जब द्यःखः जात्रा किपूया बघभैरव लागां पुलावनी अले बाजं खलः वना पीगनय् लाखेपाः च्वनाच्वंम्हेसित जात्रा याना वयकःया छेँय् तक तये यंकीगु खः । लाखे पाः च्वनेगु निति बके कवः, द्यःध्वाखा कवः (ज्यापु कवः) व ग्वाः कवः तकं दयेकातःगु दु । थुगु जात्राय् ग्वाः अर्थात गोपलीतय्गु विशेष भूमिका खने दु । उगु इलय् भेलु तकं जात्रा याना बस लाया यंकीगु खः । किपूया जात्राया विशेषता कथं भेलु जात्रा जुयाच्वंगु खने दु ।



अथे हे बःखुइ प्वः थकाली याना भ्वय् नकेमाःगु चलन तकं दु । प्वः थकली याना नकीगु भ्वजं नेवाः समाजय् न्हापा न्हापा थीत्यः मत्यः धइगु भावना मदुगु अर्थात समाजय् सकलसित समान अधिकार बियातःगु दु धकाः धायेफइगु अवस्था दु ।

न्हय्गां जात्राया हे भ्वलय् सतुंगलय् प्वंखः जात्रा याइगु नं चलन दु । द्यःया मूर्ति मतःसे याइगु थुगु जात्रा अझ विशेष कथंया जात्राया रुपय् नालातःगु दु । प्वंखः जात्रा धइगु द्वादशी खुन्हु याइगु विषेश प्रकारया जात्रा खः ।

थज्वःगु जात्रा स्वनिगलय् गनं नं मदु धाइ । थुगु कथं येँया दक्षिण पश्चिमपाखेया नेवाः वस्तीइ याइगु जात्रायात लिपांगु इलय् वया न्हय्गां जात्रा धायेगु यानाहःगु खः । बास्तवय् न्हापा न्हापा न्हय्गां जात्रा धाइगु मखु । न्हाप थुगु जात्रायात बखुमदः जात्रा हे धाइगु खः । जात्राया मू दिं कथं बखुमदः अस्टमीयात हे नालातःगु दु । अले बःखु लागायात केन्द्रविन्दु कथं नालातःगु दु । बःखु धइगु येँया दक्षिण पश्चिम लागाया नेवाः वस्तीया सांस्कृतिक नापं धार्मिक रुपं नं केन्द्रविन्दु कथं नालातःगु दु ।

येँया दक्षिण पश्चिमपाखेया थुगु न्हय्गां जात्राया भ्वलय् नसाया ल्याखं विशेष प्रकारया नसा धइगु तःखाः खः । चिकुलाया इलय् जुया जुइ साय्द दक्ले अप्वः महत्व बिया तःखा नयेगु नापं नखत्या वःपिन्त नं नकीगु चलन दु ।

जात्रा धुनेवं हे योमरि पुन्हि वइगु अले पुन्हि तक हे जात्राया नखत्या ब्वनेगु ज्या न्हय्गांया नेवाःतय्सं याइगु जुया थुगु लागाया नेवाःतय्सं यःमरि पुन्हि खास हे नखःया रुपय् हनाच्वंगु मदु । अप्वः याना ज्यापुत दुगु जूसां नं जात्रायात अप्वः प्राथमिकता बिया योमरि पुन्हियात खास हे महत्व बियातःगु खने मदु ।

येँया दक्षिण पश्चिम लागाया जुइगु थुगु कथंया न्हय्गां जात्रा मल्ल कार्लनिसें हे सुरु जूगु जात्रा कथं नालातःगु दु । विशेष याना पीगं अर्थात पीठ गणयात तया थाय् विशेषया द्यःयात प्रमुख द्यः कथं नालातःगु जात्रा न्हय्गां जात्राया थःगु हे कथं महत्व दयाच्वंगु दु ।

जात्राया निति छ्वयलीगु मू बाजं धइगु नाय्खिं, धिमे, खिं, बासुरी बाजा खः । अथे हे पीगं द्यः नाप नं स्वापू दुगु बाजं दबः खिं नं छ्वयला वयाच्वंगु दु । किपूया जात्राया भ्वलय् विशेष महत्व बियातःगु दु दबः खिं यात ।

जात्राया भ्वलय् न्हूपुस्तायापिं ल्यासे ल्याय्म्हत तकं बाजं थाना न्हयाइपुक सहभागी जुइगु यानाच्वंगु दु । नेवाः समाज दुनेया थीथी जातीया मनूतय्गु ब्यागलं ब्यागलं कथं भूमिका दुगु थुगु जात्रायात नेवाःतय्गु म्हसीका पिब्वयाच्वंगु जात्रा कथं नालातःगु दु धाःसां छुं पाइमखु । थुगु जात्राया बारे अझ नं अध्ययण अनुसन्धान यायेमाःगु आवश्यकता दु ।

नेपाल मानव अधिकार संगठन कीर्तिपुर शाखाद्वारा रक्तदान कार्यक्रम सम्पन्न

६५ औं विश्व मानव अधिकार दिवसको उपलक्ष्यमा नेपाल मानव अधिकार संगठन कीर्तिपुर शाखाले गत मंसिर २२ गते सनिवार नगरमण्डप श्रीकीर्ति विहार नयाँ बजारमा बृहत रक्तदान कार्यक्रमको आयोजना गरियो ।

कीर्तिपुर शाखाका अध्यक्ष नानी शोभा महर्जनको सभापतित्वमा भएको उद्घाटन कार्यक्रमका प्रमुख अतिथि नेपाल मानव अधिकार संगठन केन्द्रिय अध्यक्ष सुदिप पाठकले मैनवती बाली उद्घाटन गर्नु भएको थियो । स्वागत मन्तव्य कीर्तिपुर शाखाका संस्थापक अध्यक्ष बाबुराम महर्जनले दिनु भएको थियो ।

उक्त कार्यक्रममा २६ जना महिला र ४६ जना पुरुष गरी ७२ जनाले रक्तदान गर्नु भएको थियो । उक्त कार्यक्रममा रक्तदान गर्नुहुने रक्तदाताहरुलाई नेपाल मानव अधिकार संगठन कीर्तिपुर शाखाले धन्यवाद ज्ञापन गर्दै पुष ५ गते पछि ब्लड ग्रुप परिचय पत्र नयाँबजारस्थित प्रगति पुस्तक भण्डारबाट प्राप्त गर्न सक्ने जनाइएको छ । कार्यक्रम शाखाका सचिव बच्चुराम दाहालले संचालन गर्नु भएको थियो ।

कीर्तिपुरको नयाँबजारमा सवारी दुर्घटना



गत मंसिर २३ गते बेलुका करीव ११.३० बजे नयाँबजारस्थित गणेश मन्दिर को छेउमा रहेको भरत महर्जनको घरमा मिनीवसले ठक्कर दिइ सटर नै विगारि दिएको छ ।

सिटी यातायातद्वारा संचालित चक्रपथमा चल्ने बा १ ख ७११२ नम्बरको मिनी बसले मोड काट्न नसकी भर त महर्जनको घरमा ठक्कर दिएको थियो । घर र मन्दिरको विचमा करिव ३ फुटको बाटो रहेको भए पनि घरको पेटीमा पांग्रा चढेको थियो । घरको एकातिरको पिलर नै भाँचिदिएको थियो । उक्त गाडी झिक्नको लागि क्रेनको सहयोग लिनु परेको थियो । धादिंग घरभै हाल कलंकी बस्ने ड्राइवर केशव सिलवाललाई प्रहरीले नियन्त्रण लिइ गाडी कीर्तिपुर प्रहरी प्रभागमा राखिएको छ ।

रातीको समयमा दुर्घटना भएकोले मानविय क्षति हुन पाएन । यदि दिउँसो भई दिएको भए सो ठाउँमा घाम तापिरहने थुप्रै जना घाईते हुन सक्थ्यो ।

नयाँ शो रूम खुल्यो

CTEVT बाट संचालित राष्ट्रिय शीप प्रतियोगितामा त्यउ त्भल मा स्थान हासिल गर्न सफल युनिक टेलर्सको अब नयाा शो रूम खुलेको जानकारी गराउन चाहन्छौं ।



युनिक टेलर्स

नयाँबजार, फोन ४३३१०७८

हैन त ? –निरज



नयाँ नेपाल



ब्यंग सन्देश
शरव कुमार महर्जन

नयाँ नेपाल
नयाँ नेपाल आयो भन्छन्
केके केके ल्यायो भन्दछन्
हाम्रो घरमा नयाँ नेपाल
आइदिन्छ त आमा ?
हाम्रो चुहिने छानो
छाइदिन्छ त आमा ?
नयाँ नेपालमा के के हुने हो ?
नयाँ नेपालमा के के नहुने हो ?
नयाँ नेपालमा जतातै बाटो बन्ने हो कि ?
साहुमहाजनले मात्र मोटर चढ्न पाउने हो कि ?
नयाँ नेपालले गरीबलाई खोज्दै आउछ कि ?
नाँगालाई चोलो जामा ल्याइदिने हो कि ?
नयाँ नेपालमा संविधान कस्तो आउने हो ?
नयाँ नेपालमा कस्तो लोकतन्त्र गणतन्त्र हुने हो ?
निर्वाचनमा आफु जिते मात्र नयाँ नेपाल
आफू हारे पुरानो नेपाल हुने हो कि ?
जनताको मत कति मान्ने कति नमान्न ?
जनताको मत भनेर कसरी छुट्याउने हो ?
कोही त भने हेलिकप्टरमा सरर....
कोही त भने खाली खुट्टा चल ल ।
कोही त भने छिन्टिनमै विदेश सरर
कोही त भने स्वदेश नै नहेर ।
नयाँ नेपाल मंहगीको नेपाल हो कि ?
जसलाई जे लाग्यो त्यही गर्ने हो कि ?
जस्लाई जे लाग्यो त्यही भन्ने हो कि ।
नयाँ नेपाल शान्तिको ठाउँमा क्रान्ति मात्र हो कि ?
आफू जिते राजामहाराजा
अरु जिते फासफूस गर्ने हो कि ?
नयाँ नेपालमा पुरानो राष्टपति,
उपराष्टपति राखी राख्ने हो ?
जनताको मत अभिमत अनुसार
राष्टपति, उपराष्टपतिको पनि निर्वाचन गर्ने हो कि ?
सभासदहरुलाई मात्र सत्ताभत्ता दिई
जनतालाई काकाकूल बनाउने हो कि ?
प्रजातन्त्र लोकतन्त्रको नाउँमा
आफनो कार्यकर्ताको मात्र भलो हुने हो कि ?
गणतन्त्रको नाउँमा राष्टपति
उपराष्टपति मात्र फेर्ने हो कि ?
नयाँ नेपालको नाउँमा
शिशी उही रक्सीमात्र फेर्न हो कि ?
विकासको नाउँमा आफनो गाउँ
आफनो ठाउँमात्र स्वर्ग हुने हो कि ?
आफू हारियो भने संघर्ष,
आफू जित्यो भने नयाँ नेपाल ।
लोकतन्त्र गणतन्त्र पायो भनेर
हात बाधेर बस्ने हो कि ?
लोकतन्त्र गणतन्त्रको नाउँमा
सरकारी संस्थान, प्राधिकरण नीजिकरण गर्ने हो कि ?
अब पाँचवर्षको अवधि पायो भनेर
मातेर खायर, पिएर हिड्ने हो कि ?
नयाँ नेपाल आयो भन्छन् ,
खोइ केके केके ल्यायो भन्छन् ।

पाठक प्रतिक्रिया

सावधान ! नेताले धोका देला है

जीवनमा राम्रो काम गरे राम्रै नाम कमाइन्छ, नराम्रो कामको नराम्रै । तर नेताको मन न हो, कहिले हावासँग उड्छ त कहिले त्यही हावालाई छेक्न अनेकौं प्रयास गरेको हुन्छ । मानिसले प्रेम जीवनमा पहिला आकासको तारा झार्ने र पछि तिमिलाई आफ्नै बनाउँछु भनेर कसम खानेले पछि गएर दाँतै झार्छु भन्ने सम्मको स्थिति सिर्जना हुन पुगेको पनि देखिन्छ । हाम्रा देशका नेताले पनि जनतालाई चुनावको बेला दिने आश्वासन यस्तै हुने गर्छ ।

चुनाव नभएसम्म भोट माग्नका लागि यदि तिमीहरुले मलाई जिताएमा तिमीहरुका लागि सरकारी जागिर, नि:शुल्क शिक्षा, खानेपानीको सुविधा र छोराछोरीका लागि अनेकौं सुविधा उपलब्ध गराउने आश्वासन दिने गर्छन् । यस्तै कैयौं लोभ लाग्दा आश्वासन त दिन्छन् । चुनाव जितेर मन्त्री पदमा पुगेपछि यसले अब कुरा विर्सन्छ । गाउँले नेताहरु मन्त्री भएपछि विच बाटोमा जनताले नमस्कार गर्दा पनि नचिनको जस्तै गरी हिंड्न थाल्छ र भन्छ कता-कता देखे जस्तो लाग्छ, अनि जनताले भन्छन् नेता भनेको यस्तै हो ठूलो भएपछि केही पनि देख्दैन ।

काठमाडौं क्षेत्र नं.१० बाट विजयी भएका कांग्रेसका राजेन्द्र केसीले क्षेत्र नं. १० का सम्पूर्ण जनताका मोबाइलमा Message पठाएका छन् । उहाँको Message यस प्रकारको छ – तपाईंको अमूल्य भोटको लागि सादर धन्यवाद व्यक्त गर्दछु । लोकतान्त्रिक संविधान निर्माण र तपाईंको सुखदुःखमा साथ दिने वाचा अवश्य पुरा गर्नेछु । र उहाँले यो पनि भनेको थियो –कीर्तिपुर को लायकूको वडा कार्यालय नजिक बनाएका पानी टेंकीमा पानी भरेर कीर्तिपुर को खानेपानी समस्या समाधान गरी दिन्छु । उहाँको यो वचन कतिको मेल खान्छ त्यो त हेर्न बाँकी नै छ ।

म हरेक मान्छेसँग कुरा गर्दा भन्ने गर्छु प्रेमजीवनमा मानिसले पाउने धोका र हाम्रा राजनीतिक नेताले जनतालाई दिने धोकामा के नै फरक छ र ? त्यसकारण कीर्तिपुरमा विकास गर्नु पर्ने काम धेरै छन । कीर्तिपुरवासी र त्रिभुवन विश्व विद्यालयवीच वर्षौंदेखि द्वन्द्व चलिरहेको समस्या समाधान गर्नु पर्ने छ । खानेपानी लगायत ऐतिहासिक पाटीपौवा, पोखरीहरु पुनः निर्माण गर्नु पर्ने छ ।

जनताको घर भत्काई बाटो फराकिलो गरी भारतबाट नयाँ गाडी, मोटर साइकल लगायत विभिन्न सामान नेपाल भित्राउने तर सरकार विना लगानी घुम्ने मेचमा घुमी-घुमी जनतासँग कर मात्र असुल्ने । यो कुनै विकासका काम पटक्कै होइन । काठमाडौं क्षेत्र नं.१० का सम्पुर्ण हामी जनताको मोबाइलमा २५/११/२०१३ मा राजन के.सी.को नामबाट पठाएका Message सबैको मोबाइलमा सुरक्षित होलान् । उक्त Messege अनुसार व्यवहारमा लागु गर्न हामी जनताको पनि साथ चाहिन्छ । यदि हामीले साथ दिएर पनि कीर्तिपुरमा विकास र जनताको समस्या समाधान भएन भने खवरदारी गर्नु पर्छ ।

राजेन्द्र अमात्य
कीर्तिपुर

शुभ सेवा वचत तथा ऋण सहकारीको पाँचौं साधारण सभा



पाँगा धोकासीस्थित शुभ सेवा वचत तथा ऋण सहकारी संस्था लि.को पाँचौं वार्षिक साधारण सभा गत मंसिर २२ गते शनिवार पाँगामा सम्पन्न भयो ।

प्रबन्धक अरुण डंगोलको संचालनमा सुरु भएको उक्त कार्यक्रममा सहकारीका अध्यक्ष विजय काजि डंगोलले सभापतित्व गर्नु भएको थियो । ई. दुर्कमान महर्जनले उपस्थित सबैजनालाई स्वागत मन्तव्यबाट स्वागत गर्नु भएको थियो । उक्त सभामा उपाध्यक्ष मथुरा डंगोल, लेखा समिति संयोजक दिलवहादुर महर्जन, ऋण समिति संयोजक वरिष्ठ इन्जिनियर बालकृष्ण श्रेष्ठ, तथा संचालक समितिका सदस्य ई. दुर्कमान महर्जनलाई आशन ग्रहण गराइएको थियो ।

संचालक समितिका तर्फबाट अध्यक्ष विजय काजि डंगोलले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । आ.व. २०६९/०७० को वासलात तथा आय-व्यय कोषाध्यक्ष बालकृष्ण श्रेष्ठले र लेखा समितिको प्रतिवेदन निर्णयार्थ लेखा समिति संयोजक दिल वहादुर महर्जनले प्रस्तुत गर्नु भएको थियो । जुन सर्वसम्मतिले पारित गरिएको थियो ।

संचालक समितिले गरेका केही निर्णयहरु निर्णय गर्नु परेकोले सचिव दिपक राज महर्जनले केही प्रस्तावहरु प्रस्तुत गर्नु भएको थियो । जुन सर्वसम्मतिबाट पारित गरियो । जसमा आ.व. २०७०/७१ को लागि लेखा परिक्षक नियुक्ती गर्न र निजको पारिश्रमिक तोक्न संचालक समितिलाई जिम्मा दिने, निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयर धनीहरु र संचालकहरुको तर्फबाट १/१ जना प्रतिनिधि मनोनयन गर्नुपर्ने भएकोले शेयरधनीहरुको तर्फबाट शान्तराम महर्जन र संचालकहरुको तर्फबाट प्रकाश राम महर्जनलाई तोकिएको छ ।

सो अवसरमा उक्त सहकारीद्वारा संचालित माइक्रो इन्जिनियरिंग इन्स्टिच्यूटका पहिलो समूहका प्रशिक्षार्थीहरुलाई प्रमाण पत्र पनि वितरण गरिएको थियो ।

अन्तमा सभापतित्व ग्रहण गरिरहनु भएका अध्यक्ष विजयकाजि डंगोलले सभामा उपस्थित सबैजनालाई धन्यवाद दिइ सभाको विसर्जन गर्नु भएको थियो ।

यौन शक्तिबर्द्धक
यौन दुर्बलता–अब हुँदैन
शिघ्र स्खलन–अब हुँदैन
शारीरिक कमजोरी–अब हुँदैन
मानसिक तनाव–अब हुँदैन
लिडको विकास तथा यौन सन्तुष्टिका लागि
फुड सप्लिमेन्ट VIGRXPLUS
फिट्नेस प्वाइन्ट ट्रेडिङ्ग
नेपाल टेलिकम बाहिरीगाउँ, कीर्तिपुर–१७
फोन नं. ०१–४३३६७०१, ९८४१९८१९७६
यो विज्ञापन होइन, सत्य तथ्यमा आधारित छ ।

बिचाः हायेका



मदुम्ह डा. नरसिंह मान महर्जन

जन्म :
२०१७/१०/१६

दिवंगत :
२०७०/०८/१८

जिमि दाजु स्व. दानवहादुर महर्जनया काय् जिमि भिन्चा **डा. नरसिंह मान महर्जन** थ्वहे मंसिर १८ गते मंगलवार ५३ दँया बैंशय मत्यवं मदुगुलिं मदुम्हेसिया सुखावति भुवनय् वास लायमा धकाः कामना यासें दुःखंकःपिं सकल छेँय्जःपिन्सं मन चिइफयेमा धकाः बिचाः हायेका च्वना ।

निनी : दिलमाया महर्जन
दाजु/ताताजु : गंगामान महर्जन/ कान्छी महर्जन
किजा/भौ : केशमान सिंह / शान्ति सिंह
किजा/ भौं : हरिमान महर्जन/ सरीता महर्जन
किजा / भौ : विजय मान सिंह / नानी सिंह
सकल महर्जन परिवार, पाँगा

dtc®
your voice, our passion

THE ONLY SINGAPORE BRAND IN NEPAL

Free Flip Cover

NICK GT10A
Android 4.2 Jellybean
Dual Sim (GSM + GSM)
5.3" Capacitive Touch Screen
1.2 GHz Quad Core Processor
8 MP Camera
1.3 MP Front Camera
4 GB ROM, 1 GB RAM
2500 mAh Battery
Gravity Sensor, Proximity Sensor, Light Sensor
Bluetooth/GPRS/GPS/AGPS
FM Radio
Expandable upto 32 GB

Speed Unlimited

Karan Agrawal

TROY GT11
Single Micro Sim
4.0" Capacitive Touch Screen
Android 4.2 Jelly Bean
1 GHz Dual Core Processor
5.0 MP Camera
1.3 MP Front Camera
Bluetooth/GPRS/GPS/AGPS
FM Radio
1400 mAh Internal Battery
8 GB Inbuilt Memory

Free Leather Case
Astroid Bullet GT10
6" Large Capacitive Touch Screen
Android 4.1.1

Free Flip Cover
Astroid Pump GT9
5" Capacitive Touch Screen
Android 4.0.4

Free Back Cover
Astroid Jack+ GT6c
4" Capacitive Touch Screen
Android 2.3

Free Flip Cover
Astroid Junior GT5s
3.5" Capacitive Touch Screen
Android 2.3

www.facebook.com/dtc.nepal
Like us on Facebook and win attractive gift hampers every hour

2012 -2013
NATIONAL PRODUCT QUALITY EXCELLENCE AWARDS
DTC MOBILE
BEST QUALITY PRICED
INNOVATIVE MOBILE BRAND

Atom (E6)
1800 mAh Battery

Play (G7)
Wireless FM Radio

ACE (GB3)
Wireless FM Radio

MOBILE MARKET 'N' KLINIC
LOKTANTRIC CHOWK
PHONE NO. 9851152393, 9843307412

Dual SIM · Camera · Bluetooth · Wi Fi · FM Radio · Alarm · Micro SD Card

1 YEAR WARRANTY
6 MONTHS WARRANTY ON BATTERY & CHARGER